# बर्लिङ्टन सिटी COVID-19 अपडेट

## बर्लिङ्टन COVID-19 रिसोर्स तथा रिकभरी सेन्टर (RRC)

## मार्च 2021

(नेपाली)

**हाइलाइटहरू:**

- *भर्मोन्टमा नयाँ भेरिएन्ट भेटिए*
- *राज्य यात्रा अपडेट*
- *भेला सम्बन्धि राज्यको घोषणा*
- *65 वर्ष तथा माथिका उमेरकाहरूलाई अब उपलब्ध निःशुल्क खोपहरू*
- *मार्चको अन्त्यसम्म उच्च जोखिम स्वास्थ्य अवस्था भएका व्यक्तिहरूको लागि खोप*
- *खोपको लागि कसरी दर्ता गर्ने*
- *आकस्मिक भाडा सहायता कार्यक्रम*

# नयाँ भेरिएन्ट

*सिटीको फोहर पानी अनुगमन कार्यक्रमले **बर्लिङ्टनमा विभिन्न प्रकारका** COVID-19 **भेटेको छ** जुन यूकेमा पहिलो पटक भेटिएको थियो। यो जानकारी त्रासको लागि होइन, समुदायलाई थप सतर्कता अपनाउन चेतावनी हो। यी **नयाँ प्रकारका भाइरस** हालसालै समुदायमा रहेको COVID-19 को स्ट्रेन भन्दा 30 **देखि** 40 **प्रतिशत अधिक तीव्र रूपमा फैलिन सक्छन्। कृपया निम्न कार्य गरेर प्रसारलाई नियन्त्रण गर्न सहयोग गर्नुहोस्:***

***अन्य परिवारसँग भेला हुनबाट जोगिन तथा राज्यको मार्गनिर्देशनहरू पालना गर्न जारी राख्नुहोस्***



***उच्च-गुणस्तर, न्युनतम दुई तहको मुख ढाक्नेहरू लगाउनुहोस् जुन खाली ठाउँहरू कम गर्न राम्ररी फिट गरिएका हुन्छन्***



***यदि तपाईंमा कुनै लक्षण छन्, यात्रा गर्नुभएको छ, वा कुनै सामाजिक भेलामा सहभागी हुनु भएको छ भने** COVID-19 **को परिक्षण गराउनुहोस्।***



***यदि तपाईं योग्य हुनुहुन्छ भने** COVID-19 **को खोप लिनुहोस्***



# राज्य यात्रा अपडेट



*भर्मोन्ट यात्रा मार्गदर्शन अपडेट गरिएको छ। **ती मानिसहरू जसलाई पूर्ण रूपमा खोप लगाइएको छ र उनीहरूको अन्तिम खोप खुराकको** 14 **दिन पछि क्वारेन्टाइन अवरोध बिना भर्मोन्टसम्म र त्यहाँबाट यात्रा गर्न सक्दछन्।** साथै, COVID-19 पुष्टि भएको केस निकट सम्पर्कमा आउने कुनै पूर्ण रूपमा खोप लिएको व्यक्तिलाई क्वारेन्टाइन राख्न आवश्यक पर्नेछैन।*

***पूर्ण रूपमा खोप नलिएको जो सुकैले भर्मोन्टमा फर्किंदा वा यात्रा गर्दा आवश्यक क्वारेन्टाइन अनिवार्य बस्नुपर्छ।*** *राज्य बाहिरको यात्राबाट फर्किरहेका भर्मोन्टेलीहरूले 14-दिनको क्वारेन्टाइन वा 7-दिनको क्वारेन्टाइन अनिवार्य पुरा गर्नुपर्दछ र त्यसपछि परिक्षणमा नेगेटिभ हुनुपर्दछ।*

# भेला सम्बन्धि राज्यको घोषणा

*सार्वजनिक तथा निजी स्थानहरूमा दुवै भित्री र बाह्य बहु घरेलु* ***सामाजिक भेलाहरू गर्न खोप नलिएका मानिसहरूलाई अनुमति दिइएको छैन। खोप लिएका व्यक्तिहरू वा परिवारहरूले एक पटकमा केवल अर्को एक जना खोप लिएका वा खोप नलिएका परिवारको सदस्यसँग भेट्न सक्छन्।*** *सहभागीहरूले खोप लिए पनि नलिए पनि व्यापार तथा संस्थाहरूलाई अझैसम्म बहु-घरेलु सामाजिक भेलाहरू गर्न अनुमति दिइएको छैन।*

*अंग्रेजीमा राज्यको मार्गनिर्देशन हेर्न निम्नमा जानुहोस्:*
[https://accd.vermont.gov/news/update-new-work-safe-additions-be-smart-stay-safe-order](https://accd.vermont.gov/news/update-new-work-safe-additions-be-smart-stay-safe-order)

# खोप वितरण

***भर्मोन्टमा 65 वर्ष वा माथिका उमेरका मानिसहरूको लागि अब सुरक्षित तथा प्रभावकारी COVID-19 खोपहरू उपलब्ध छन्! यस समय पूर्व-सूचना बिना आउन स्वीकार गरिँदैन र मानिसहरूले अग्रिम रूपमा अपोइन्टमेन्ट अनिवार्य लिनुपर्छ। बिमा आवश्यक पर्दैन, र खोप निःशुल्क हुन्छ।***

***अहिले खोपहरू निम्नलाई उपलब्ध छन्:***

- *65+ उमेरका भर्मोन्टका मानिसहरू*
- *अग्रपंक्तिमा रहेका स्वास्थ्य सेवा कामदारहरू*
- *दीर्घकालीन सेवा सुविधाहरूका निवासी*
- *दीर्घकालीन सेवा कर्मचारी जसको प्रत्यक्ष विरामीसँग सम्पर्क हुन्छ*
- *आकस्मिक मेडिकल सेवा कर्मचारी तथा प्रतिक्रियाकर्ताहरू*



*इमेज क्रेडिट: CDC*

***आगामी चरण, मितिहरू घोषणा गरिएको छैन:***

- *उच्च जोखिममा स्वास्थ्य अवस्था भएका व्यक्तिहरू (मार्चको अन्त्यमा अनुमानित)*

***साइनअप गर्ने विकल्पहरू:***

1. *https://www.healthvermont.gov/covid-19/vaccine/getting-covid-19-vaccine (अंग्रेजीमा अनलाइन दर्ता) मा वा 855-722-7878 मा खोप हटलाइनमा कल गरेर (अन्य भाषामा सहयोगको लागि 1 थिच्नुहोस्) भर्मोन्ट स्वास्थ्य विभाग अनलाइनमा दर्ता गर्नुहोस्। कल सेन्टर समय सोमबार-शुक्रबार, बिहान 8:15 बजे – बेलुकी 5:30 बजे र शनिबार तथा आइतबार बिहान 10:00 बजे – दिउँसो 3:00 बजे हुन्।*

2. *यदि तपाईंको योग्यता प्रश्नहरू छन् वा अर्को भाषामा दर्ता सहायता चाहनुहुन्छ भने तपाईंले एसोसीएसन अफ अफ्रीकन्स वा रिफ्युजी प्रोग्रामको तपाईंको केस प्रबन्धकलाई सम्पर्क गर्न सक्नुहुन्छ। यदि तपाईंको कोही प्रबन्धक छैनन् भने 802-655-1963 मा रिफ्युजी प्रोग्राममा वा 802-355-0795 मा एसोसीएसन अफ अफ्रीकन्समा कल गर्नुहोस् र तपाईं तपाईंको भाषा बोल्ने कोहीसँग जोडिनु हुनेछ।*

# आकस्मिक भाडा सहायता कार्यक्रम



***सुरुवात मिति:*** *अनुमानित मध्य-मार्च 2021 (औपचारिक मिति निर्धारण गर्न बाँकी)*

***को योग्य हुन्छ:***
*यो आर्थिक सहयोग महामारीबाट ती नकारात्मक रूपमा प्रभावितहरूको लागि हो। आवेदकहरू योग्य हुन केही आय र अन्य आवश्यकताहरू आवश्यक हुनेछन्।*

***यस कार्यक्रमले के प्रदान गर्दछ:***
*यस कार्यक्रमले केही पहिलेको बाँकी भाडा भुक्तानी गर्न र भावी भाडा सहयोगको लागि आर्थिक सहयोग प्रदान गर्नसक्छ। अनुदानहरू तीन-महिनाको वृद्धिमा प्रदान गरिनेछन्, र भाडामा बस्नेहरूले सहायताको लागि कूल 12 महिनासम्मको लागि आवेदन दिन सक्छन्। त्यसपछि तीन-महिने थप समयको लागि आवेदन दिन एउटा विकल्प हुनसक्छ।*

***प्रक्रिया:***
*दुवै सम्पतिको मालिकहरू तथा भाडामा बस्नेहरूले आवेदन पेश गर्नुपर्ने आवश्यक हुन्छ, र भुक्तानी सिधै सम्पति मालिकलाई जानेछ। आवेदन पुरा गर्ने सम्बन्धि प्रश्न वा सहयोगको लागि 802-655-1963 मा रिफ्युजी प्रोग्राममा वा 802-355-0795 मा भर्मोन्टमा बसिरहेका एसोसीएसन्स अफ अफ्रिकन्समा कल गर्नुहोस् र तपाईं तपाईंको भाषा बोल्ने कोहीसँग जोडिनु हुनेछ।*

*अंग्रेजीमा यस कार्यक्रम तथा यस आवेदन सम्बन्धि अपडेटहरू हेर्न निम्नमा जानुहोस्:*
https://www.vsha.org/

# प्रश्नहरू? सहायता चाहिन्छ?

*बर्लिङ्टनको COVID-19* ***रिसोर्स एण्ड रिकभरी सेन्टर*** *(RRC) यहाँ सहयोगको लागि छ, हामीलाई 802-755-7239 वा recovery@burlingtonvt.gov मा सम्पर्क गर्नुहोस् र तपाईंको नाम, रुचाइएको भाषा, र सम्पर्क जानकारी सहित एउटा सन्देश छोड्नुहोस् र हामी तपाईंलाई सक्दो चाँडो मद्दत गर्नेछौं। हाम्रो कल सेन्टरमा फोन ब्याख्या सेवाहरू उपलब्ध छन्। हाम्रो संचालन समय सोमबार देखि शुक्रबार सम्म विहान 8:00 बजे - बेलुकी 4:30 बजे सम्म हो।*

# अनुवादहरू खोज्नुहोस्:

*भर्मोन्ट स्वास्थ्य विभाग*
https://www.healthvermont.gov/media/translation/covid-19-translations
*बर्लिङ्टन सिटी*
https://www.burlingtonvt.gov/covid-19/translated
*भर्मोन्ट बहुभाषी कार्य बल:*
https://www.youtube.com/channel/UC3zjPpeFnXqvESr1y3d4DvQ

*यस कागजपत्रको जानकारी परिवर्तन हुन सक्छन् जब राष्ट्रिय र तथा अन्तर्राष्ट्रिय स्तरमा मार्गदर्शन अपडेट गरिन्छन्*

*इमेज क्रेडिट: CDC र बर्लिङ्टन सिटी*